दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सूर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोनः- ०७१५४२५७१

वर्ष ३६ | अंक २५४ | बुटवल | २०८१ भदौ २४, गते सोमबार | नेपाल संवत ११४४ | Monday Sept.09 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## लुम्बिनीका कांग्रेस सांसद केसी जेल चलान



बुटवल । लुम्बिनी प्रदेशसभामा नेपाली कांग्रेसका सांसद धनबहादुर केसी (डीबी) कारागार चलान भएका छन् । सम्बन्ध विच्छेदको नक्कली कागज बनाएपछि उनकै श्रीमती राधा केसीको जाहेरीमा सुनुवाइ गर्दै अदालतले केसीलाई दोषी ठहर गरेको थियो ।२०४८ साल असार ९ गते अदालतले एक वर्ष जेल र दुई हजार जरिवानाको फैसला सुनाए पनि केसीले हालसम्म सजाय भुक्तान गरेका थिएनन् ।

रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले प्रदेश सांसद केसी आफैँ अदालतमा उपस्थित भएको र अदालतले उनलाई सजाय भुक्तानका लागि आइतबार कारागार चलान गरेको जानकारी दिए ।

कानुनतः केसी सांसदको उम्मेदवार समेत बन्न समेत योग्य नभएको भन्दै उनको आलोचना हुँदै आएको थियो । उनी रूकुम पूर्वको प्रदेश (ख) बाट सांसद निर्वाचित भएका थिए । केसीलाई कारबाही गर्न माग गर्दै नेकपा बहुमतले केही दिन अघि मुख्यमन्त्री चेतनारायण आचार्यलाई ज्ञापनपत्र समेत बुझाएको थियो । यस्तै सो पार्टीले र महिला अधिकारकर्मी संघ संस्थाले एकल महिला अपहरण र बेपत्ता पारेको अभियोग लागेका लुम्बिनी सरकारका वन तथा वातावरण मन्त्री बादशाह कुर्मीलाई पनि बर्खास्त गर्न माग गरेका छन् ।

# लुम्बिनी प्रदेशमा एकजना मात्र वातावरण निरीक्षक

**प्रदेश सरकारले हालै पारित गरेको स्थायी संगठनात्मक संरचनामा वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरूमा करिब १२ सय जना जनशक्तिमध्ये एकजना मात्र वातावरण निरीक्षकको दरबन्दीलाई नै कायम गरी थप नगर्नु र वातावरण तथा जलवायु परिवर्तन महाशाखा प्रमुखमा समेत वातावरण विषयको जनशक्ति नराखेर वन विषयको जनशक्ति राखिनुले प्रदेश सरकार वातावरण संरक्षण र सेवा प्रवाहमा उदासीन छ भन्ने देखाउँछ ।**

**टिआर शर्मा**
*बुटवल*

मान्छेका लागि मात्र होइन, पृथ्वीका सबै जीवजन्तुका लागि स्वच्छ वातावरण अपरिहार्य हुन्छ। मानवजन्य क्रियाकलाप, जलवायु परिवर्तनको असर आदिले दिन प्रतिदिन वातावरण संरक्षणमाथि चुनौती बढ्दैछ । अहिले विश्वकै प्रमुख मुद्दा र समस्या वातावरण संरक्षण बनेको छ। यति संवेदनशील विषयमा अनुगमन र सेवा प्रवाहमा प्रदेश सरकारले पर्याप्त जनशक्ति राख्नुपर्ने हो ।

तर संघीयता कार्यान्वयनमा आएको ७ वर्ष पुग्दासम्म प्रदेशको वन तथा वातावरण मन्त्रालयको वातावरण शाखामा जम्मा एकजना मात्रै वातावरण निरीक्षकले काम चलाउँदै आएका छन् । यसले गर्दा वातावरण जस्तो मानव स्वास्थ्य र जीवनसँग जोडिएको संवेदनशील र बहुआयामिक क्षेत्र समेटेको गम्भीर सवालमा सरकारको उदासीनता पुष्टी हुन्छ।

प्रदेशको वातावरण निरीक्षक निर्मल चौधरी एक्ला कर्मचारी हुन्, जो केन्द्र सरकार मातहत कार्यरत वातावरण निरीक्षकमध्ये प्रदेश रोजेर आएका थिए। देशभर १९ जना वातावरण निरीक्षक रहेकामा अहिले घटेर १७ जना छन् ।

लुम्बिनी प्रदेश सरकारअन्तर्गत रहेको वन तथा वातावरण मन्त्रालयसँग वातावरण संरक्षणको एकल जिम्मेवारी भएता पनि हालसम्म नेपाल सरकारले श्रृजना गरिदिएको एक जना मात्रै वातावरण निरीक्षकको भरमा प्रदेशको मन्त्रालयले वातावरणीय सेवा उपलब्ध गराउनु एकदमै अपर्याप्त र नगण्य हो । वन तथा वातावरण मन्त्रालयमा ४ वटा महाशाखाहरू भएता पनि वातावरण तथा जलवायु परिवर्तन महाशाखामा वातावरणको जनशक्तिलाई नदिएर वन विषय अर्थात् जनरल फरेष्ट्रीको जनशक्तिबाट व्यवस्थापन गरिएको छ । वातावरण निरीक्षक उपलब्ध हुँदाहुँदै वातावरण जस्तो गहन विषयमा वन विषयको जनशक्तिबाट व्यवस्थापन गर्नु नै लुम्बिनी प्रदेशमा वातावरण संरक्षण र यसको लागि वातावरणीय योजना निर्माण र कार्यक्रम कार्यान्वयन प्रभावकारी रूपमा हुन नसकिरहेको पुष्टी हो। प्रदेश सरकारले हालै पारित गरेको स्थायी सँगठनात्मक संरचनामा वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरूमा लगभग १२ सय जनशक्तिमध्ये मात्र एकजना वातावरण निरीक्षकको दरबन्दीलाई नै कायम गरेको छ। थप जनशक्ति व्यवस्था गरेर वातावरणीय सवाललाई प्राथमिकता दिन चाहेको देखिएन ।





मन्त्रालयअन्तर्गत वन शाखामा छुट्टाछुट्टै कार्यालयसहित व्यवस्थित र तुलनात्मक रूपमा पर्याप्त कर्मचारी पनि छन्, तर वातावरण शाखाको छुट्टै कार्यालय र आवश्यक साधन स्रोत नहुँदा कार्य सम्पादन प्रभावकारी हुन नसकेको चौधरीको गुनासो छ। वन तथा वातावरण मन्त्रालय मातहतका डिभिजन वन कार्यालयहरूमा पनि वातावरण निरीक्षकको दरबन्दी नराखेको अवस्था छ । 'वातावरणीय सवालहरूको समाधान जिल्लाभित्रै गर्न आवश्यक छ, तर सँगठन संरचना नै नहुँदा एकजनाले प्रदेशभरि हेर्नुपरेको छ,' चौधरी भन्छन् -'वातावरण प्रदूषणको विषय प्रत्येक जिल्लामा गहन सवालको रूपमा भएता पनि मन्त्रालयले सबै जिल्लामा वातावरण स्वच्छता र स्वस्थ वातावरण सुनिश्चित गर्न तदारूकता देखाउन प्रत्येक जिल्लामा वातावरण निरीक्षकको दरबन्दी श्रृजना गर्नु पर्दछ।'

वातावरण भनेकै वन जंगल मात्रै हो भन्ने मानसिकता हटाउन पनि उत्तिकै जरूरी छ । प्रदेशमा स्थापना हुने उद्योगहरूको प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) प्रदेशको स्वीकृति, सामुदायिक र अन्य वनहरूको योजना स्वीकृति, उद्योगहरूको वातावरणीय अनुगमनलगायतका काम प्रदेशबाटै गर्ने संविधानमा व्यवस्था छ ।यस्तै प्रदेशका उद्योग, संस्थान, मेडिकल कलेजहरूले गर्नसक्ने प्रदूषणबारे अनुगमन गरी प्रदूषण गरेमा कारबाहीका लागि संघमा सिफारिस गर्ने अधिकार पनि प्रदेश सरकारलाई रहेको छ।

» बाँकी ३ पेजमा

## पूर्वमुख्यमन्त्री केसीद्वारा गाडी फिर्ता



बुटवल । लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री कुलप्रसाद केसीले सरकारी गाडी फिर्ता गरेका छन् ।

लुम्बिनी प्रदेश सरकारले पूर्व विशिष्ट व्यक्तिहरुले पाउँदै आएको सेवा सुविधा फिर्ता लिने निर्णय गरेपछि पूर्वमुख्यमन्त्री केसीले सरकारी सुविधाको गाडी फिर्ता गरेका हुन् ।

केसीले प्रयोग गर्दै आएको लु १ झ ७४५ नम्बरको स्कार्पियो गाडी मुख्यन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भदौ २० गते फिर्ता गरेको वरिष्ठ शाखा अधिकृत देवीराम भण्डारीले जानकारी दिए ।

भदौ ६ गते बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले पूर्व विशिष्ट व्यक्तिलाई दिँदै आएको सेवा सुविधा फिर्ता लिने निर्णय गरेको थियो ।

वि.सं. २०७९ भदौ ३१ गते केसीकै कार्यकालमा बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले पूर्व विशिष्ट पदाधिकारीका लागि सेवासुविधा उपलब्ध गराउने निर्णय गरेको थियो ।

# बुटवल उप-महानगरलाई साइनबोर्डको कर नतिर्ने व्यवसायीको निर्णय



PAN No. 608919562
Mob. 98033...
Mob. 98074...

गणेश एण्ड सन्स कन्स्ट्रक्सन
Ganesh & Sons Construction
बुटवल उ.म.न.पा.-१३, रुपन्देही
E-mail : narayanshreesh01@gmail.com
E-mail : ganeshandsonsbutwal13@gmail.com

पत्र संख्या :
चलानी नं.
मितिः २०८१/०५/२०

श्री ...
बुटवल ..., रुपन्देही

विषय : विज्ञापन कर बुझाउनु हुन ।

उपर्युक्त विषयमा आ.व. २०८०/०८१ र २०८१/०८२ (दुई आर्थिक वर्ष) का लागि बुटवल उपमहानगरपालिका क्षेत्र भित्र (एपेक्स नेपाल संग विज्ञापन सामग्री व्यवस्थापन सम्बन्धी भएको सम्झौतामा उल्लेखित क्षेत्र र हाईमास्ट लाईटका पोलहरु बाहेक) का सम्पूर्ण क्षेत्रमा रहेका र राखिने विज्ञापन प्रयोजनका सामग्रीहरु जस्तैः होडिङ्ग बोर्ड, नियोन साइन तथा अन्य ठूला विद्युतीय बोर्डहरु, ग्लो साइन बोर्ड, डि.पि.एस. आदि बोर्डहरु, भित्ते लेखन र सटर पेन्टिङ्ग आदि व्यवस्थापन गर्ने, बुटवल उपमहानगरपालिकाद्वारा तोकिएको दररेट बमोजिम विज्ञापन कर असुली गर्ने प्रयोजनका लागि बोलपत्र स्वीकृत भई बुटवल उपमहानगरपालिकासंग द्विपक्षिय सम्झौता भएकाले सम्झौताको अधिनमा रही बुटवल उपमहानगरपालिकाको आर्थिक ऐनमा तोकिएको दररेट बमोजिम तपाईले परिचयपाटीको रुपमा राख्न पाउने ३० वर्गफिट भन्दा बढी राख्नु भएको निम्न अनुसारको साईजको विज्ञापन कर यो पत्र प्राप्त गरेको ३ दिन भित्र बुझाउनु हुन अनुरोध छ ।

| विज्ञापन करको दररेट | | | बुझाउनु पर्ने विज्ञापन कर | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | प्रति वर्गफुट वार्षिक रु. | साईज | बुझाउनु पर्ने कर |
| १. | डिजिटल बोर्ड आदि प्रति साईड | २००।- | | |
| २. | होडिङ्ग बोर्ड, नियोन साइन, ग्लो साइन बोर्ड तथा अन्य ठूला विद्युतीय बोर्डहरु | १५०।- | ३० वर्ग फिट | [illegible] |
| ३. | डि.पि.एस. बोर्ड आदि | ७५।- | १६ वर्ग फिट | [illegible] |
| ४. | भित्ते लेखन | ५०।- | | |
| ५. | सटर पेन्टिङ्ग | २०।- | | |

जम्मा = ४१,४००/-

बुटवल । बुटवलका एक दर्जन बढी व्यवसायिक र सामाजिक संघ-संस्थाले बुटवल उप-महानगरपालिकाले साइनबोर्ड वापतको कर जबरजस्ती लाद्न खोजिएको भन्दै नतिर्ने सामूहिक निर्णय गरेका छन् ।

बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ, रुपन्देही व्यापार संघ, उद्योग व्यापार संघ बुटवल, होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघ, घरबहाल सरोकार संघलगायतका एक दर्जन संघसंस्थाले साइनबोर्ड कर अनुचित भएको ठहर गर्दै नतिर्ने सामूहिक निर्णय गरेको उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले जानकारी दिए। साथै सबै व्यवसायिक संघ संस्थाले आफ्ना सदस्यलाई एउटा मात्र साइनबोर्ड राख्न सर्कुलर गर्ने पनि निर्णय भएको पाण्डेले जानकारी दिए ।

उप-महानगरले निजी कम्पनी गणेश एण्ड सन्स कन्स्ट्रक्सन (बुटवल १३) लाई ठेक्का दिएर व्यवसायीले आफ्नो पसल-व्यवसायको नाम र सेवासहितको बोर्ड आफ्नो घर वा बहालमा बसेको घरमा राखेको पनि कर उठाउन थालेको थियो । यसको चौतर्फी विरोधसँगै व्यवसायीको आइतबार बसेको बैठकले व्यवसाय कर तिरेका व्यवसायीले साइनबोर्ड कर नतिर्ने निर्णय गर्दै असोज पहिलो हप्ता यस विषयमा उपमहानगरको नेतृत्वसँग बसेर टुंगो लगाउने निर्णय भएको हो ।

कोभिड महामारीको असर र आर्थिक मन्दीको मारमा मुलुक गुज्रिरहेको विषम परिस्थितिमा व्यवसायीमाथि दोहोरो, तेहोरो कर, चर्को घर भाडा र बहाल करले व्यवसायी पलायन हुने अवस्थामा साइनबोर्ड राखेको समेत कर असुल्न खोज्नु सरासर गलत भएको सबै संघसंस्थाको निश्कर्ष रहेकाले नतिर्ने निर्णय गरिएको होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघका अध्यक्ष लेखनाथ भण्डारीले बताए ।

व्यवसायीसँग सामान्य छलफल र परामर्श समेत नगरी बुटवल उप-महानगरले विज्ञापन करको नाममा साइनबोर्ड, होर्डिङ्ग बोर्डको समेत कर उठाउन निजी कम्पनीलाई जिम्मा दिएको र व्यवसायिक संघसंस्थाले नतिर्ने भनी ज्ञापनपत्र बुझाएको अवस्थामा जबरजस्ती उठाउन कम्पनीले धम्की दिने गरेको भण्डारीले गुनासो गरे । 'एउटा पसलबाट ४० हजार बढीको बिल पठाइएको छ यो बुटवल उप-महानगरले व्यवसायीलाई विस्थापित गराउने नियत हो, यो करलाई बहिष्कार गरिन्छ, तिरिदैन ।'-भण्डारीले भने ।

प्रेस विज्ञप्ति

**वास्तविकता यस्तो हो, कोही भ्रममा नपर्नुहोला ।**

उपरोक्त सम्बन्धमा बुटवल-६ नेपालगन्जरोडमा २०७८ सालदेखि सञ्चालनमा आई ग्राहक महानुभावलाई गुणस्तरीय, स्वस्थकर र स्वादिस्ट बिरयानी लगायत खानाका परिकारको सेवा दिदै आएको हाम्रो हैदरावादी बिरयानी सेन्टरमा यही भदौ २० गते बुटवल उपमहानगरको ५-६ जनाको अनुगमन टोली आयो ।

सो दिन अरु कुनै होटेलमा अनुगमन नगरी एउटा होटेललाई मात्र निशाना बनाएर अनुगमन गर्नु, अनुगमन टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको प्रतिनिधि वा उपमहानगरको खाद्य निरीक्षकको अनिवार्य उपस्थिति हुनुपर्नेमा उनीहरुको उपस्थितिविनै छापामार शैलीमा अनुगमन हुनु आफैमा विवादास्पद र शंकास्पद छ ।

उक्त टोलीले बिरयानी बनाउन ल्याइएको मासुबाट बिरयानीमा नराखिने मासुको छाला, टाउको लगायतका भाग अलग गरेर बिसर्जन गर्नका लागि जम्मा गरेर फ्रिजमा राखिएको थियो, बाहिर राख्दा सडेर दुर्गन्ध हुन्छ भनेर फ्रिजमा राखिएको स्पष्ट पार्न चाहन्छौं । त्यो मासु बंगुरपालन गर्ने व्यक्तिहरुले हाम्रो होटेलबाट नियमित लैजाने गरेका थिए । तर तीजको बेला भएर हुन सक्छ उनीहरु लिन आएका थिएनन् ।

सोही वस्तुलाई बिरयानी बनाउन प्रयोग गरिन्छ भनेर निराधार, विना प्रमाण, सम्बन्धित व्यक्तिको भनाई नराखी एकतर्फी तरिकाले बद्नाम गर्ने गरी मिडियाबाजी गरिएको देखेर हामी दुखित भएका छौं । अनुगमनको नाममा एकाएक किचनमा गएर मेरा सोझा श्रीमती, छोरीहरु र कर्मचारीलाई आफ्ना कुरा समेत राम्ररी राख्न नदिई बिसर्जन गर्न राखिएको मासुलाई देखाएर एकतर्फीरुपमा कपोलकल्पित कुरा बढाईचढाई गरेर मिडियाबाजी गराएर मलाई सिध्याउन खोजेको महसुस भएर म विक्षिप्त भएको छु । जबकि अहिलेसम्म कुनै ग्राहकले गुणस्तरमा गुनासो गरेको रेकर्ड छैन ।

म रोल्पाको सामान्य परिवारको मान्छे हुं,ग्राहकलाई गुणस्तरहीन खाना बेचेर धेरै पैसा कमाउने मेरो उद्देश्य कहिल्यै थिएन र छैन । भारतमा काम गर्दा मेरो लामो अनुभव यही क्षेत्रमा भएकाले विगत ४ वर्षदेखि ग्राहकलाई गुणस्तरीय, स्वस्थकर र स्वादिस्ट बिरयानी पस्केर उहांहरुको मन जितेकाले आफ्नै घरका ५ जनाले काम गर्दै बांकी १० जनालाई रोजगारी दिएर हैदरावादी बिरयानी सेन्टर चलाएको हुं र ग्राहकै माया र साथले म बुटवलमा टिकेको हुं ।

तर मलाई ठूलै नाफाखोर व्यवसायी जस्तै गरी सस्तो लोकप्रियताका लागि मिडियाबाजी भएको देख्दा अचम्म परेको छु । म माथि अन्याय भएको र एक्लो बनाइएको ठानेर निराश भएको छु । बुटवल उपमहानगरपालिको अनुगमन टोलीले बिसर्जनका लागि राखेको मासु बिरयानीमा प्रयोग गरेको र पुष्टी भएको भनेको थिएन, किनकी त्यो हाम्रो कल्पना बाहिरको कुरा हो । बरु खाना बनाउने र भाँडा माझ्ने ठाउँ नजिक रहेकाले सरसफाईमा ध्यान दिनुपर्ने, बिसर्जन गर्न राखिएको ६५ केजी बढी मासु फिनेल राखेर नष्ट गरेर एक हप्ता भित्र किचनको अवस्था सुधार गरी सेवा सुचारु गर्न सुझाव दिएको थियो ।

यी तथ्यलाई नजरअन्दाज गरी एक सोझो सिधा व्यवसायीलाई सिध्याउने गरी मिडियाबाजी नगरी वास्तविकता बुझेर समाचार बनाइदिनुहुन पनि म सम्बन्धित सबैमा विनम्र अनुरोध गर्दछु ।

जनक खड्का
सञ्चालक

हैदरावादी बिरयानी सेन्टर
बुटवल-६ नेपालगन्जरोड

दैनिक लुम्बिनी

## सम्पादकीय

# लुम्बिनीमा पर्यटक बढाउने उपाय

स्थलमार्गबाट सबैभन्दा धेरै पर्यटक आउने रूपन्देहीको बेलहिया नाकाबाट सन् २०२४ को आठ महिनामा ५२ हजार पर्यटक आए। यो तथ्याङ्क तेस्रो मुलुकबाट आएका पर्यटकको हो। कोभिड महामारीपछि थला परेको पर्यटन क्षेत्र विस्तारै तङ्ग्रिन थालेको छ। बेलहिया नाकाबाट आएको पर्यटकको तथ्याङ्कले पर्यटन व्यवसायी उत्साहित छन्।

सन् २०२३ मा बेलहिया नाकाबाट ८१ हजार ५ सय पर्यटक आएका थिए। पर्यटक आगमनको महत्वपूर्ण सिजन आउन लागेकोले यो वर्ष गत वर्षभन्दा धेरै पर्यटक आउने आँकलन व्यवसायीहरुले गरेका छन्। लुम्बिनी आउने पर्यटकका लागि अक्टोबर, नोभेम्बर र डिसेम्बर महत्वपूर्ण सिजन हो। संख्यात्मक रुपमा धेरै पर्यटक आएर मात्रै हामी खुशी हुनुको अर्थ छैन। आएका पर्यटकको बसाइँको अवधि र गुणस्तर प्रधान हो। यहाँ आएपछि मायादेवी मन्दिर अवलोकन गरी भारततिर नै बास बस्न जाने र धेरै खर्च गर्ने पर्यटक आएनन् भने संख्या बढ्नुमात्रैले हामीले लाभ लिन सक्तैनौं। आएका पर्यटकको बसाइँ लम्बाउनु र खर्चालु पर्यटक भित्र्याउन योजना निर्माण र कार्यान्वयनलाई ध्यान दिनुपर्छ। बुद्धसँग सम्बन्धित बोधगया र सारनाथ भारतमा रहेकाले त्यहाँ आएका पर्यटक बुद्ध जन्मस्थल लुम्बिनी आएका हुन्। भारतीय ट्राभल एजेन्सी र टुर गाइडले आएका पर्यटकलाई मायादेवी मन्दिर मात्रै घुमाएर उतै बास बस्न लैजाने प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले खुला संग्रहालयको रुपमा रहेको कपिलवस्तुको व्यापक प्रचारप्रसार गर्न आवश्यक छ।

बेलहिया नाकामा आकर्षक स्वागतद्वार निर्माण गर्ने र सरकारी निकाय अध्यागमन कार्यालयलगायतका निकायबाट पर्यटकमैत्री व्यवहारले उनीहरुलाई आकर्षित गर्नसक्छ। यहाँका होटल र रेष्टुरेण्टमा विभिन्न अवसर पारेर आकर्षक छुटको व्यवस्थाले पनि पर्यटकको बसाइँ लम्ब्याउन सघाउ पुर्‍याउन सक्छ। लुम्बिनीमा तालिमप्राप्त स्थानीय टुर गाइडको व्यवस्थापन गर्ने काम लुम्बिनी विकास कोषको हो। पर्यटकको लागि ल्याइएका विद्युतीय गाडी नचलाएर थन्काइएको छ। ती गाडी चलाउने प्रबन्ध गर्दा पर्यटकमैत्री वातावरण तयार हुन सक्छ।

पर्यटकका लागि चाहिने पर्यटक मैत्री वातावरण हो। नाकाबाट छिर्ने बित्तिकै वा विमानस्थलमा ओर्लने बित्तिकैबाट पर्यटकका लागि सास्ती होइन्, सुविधा महशुस हुनुपर्छ। हरेक ठाउँमा हुने सहज वातावरणले नै उनीहरुको बसाइँ लम्बिन सक्छ। उनीहरुले आ–आफ्नो देश फर्केपछि सकारात्मक सन्देश प्रवाह गर्न सक्छन्।

# चिकित्सा शिक्षाका सकस र सुधारका सम्भावना



प्रा.डा. ढुण्डीराज पौडेल

*सार्वजनिक अस्पतालपिच्छे गठित भिसीलगायत पदाधिकारी रहेका प्रतिष्ठान एकीकृत गरी एउटै छाता ऐनमा आबद्ध हुनु वाञ्छनीय छ। बिरामी र विशेषज्ञ सेवा न्यून भएकालाई राजनीतिक स्वार्थका लागि होइन, अहिले नै पूर्ण क्षमतामा सञ्चालनमा रहेका ठूला अस्पताललाई क्रमशः चिकित्सा विज्ञान प्रतिष्ठानमा आबद्ध गर्न आवश्यक छ। कलेजपिच्छे सम्भव नभए आधारभूत विज्ञान अध्यापनका लागि छुट्टै व्यवस्थासमेत गरिन सक्छ।*




काठमाडौं विश्वविद्यालयसँग आबद्ध प्राध्यापकको नाताले परीक्षकको भूमिका निर्वाह गर्दा या जुम्लास्थित स्वास्थ्य प्रतिष्ठानमा केही साता प्राध्यापन गर्दाको तितो अनुभव गर्नुपर्‍यो। यसबाट प्रस्ट भयो- नेपालको चिकित्सा शिक्षामा ह्रास मात्रै आएको छैन, अपितु समयभित्रै राज्यको ध्यान जान सकेन भने मेडिकल कलेज बिग्रेका इञ्जिन भएका थोत्रा गाडीजस्ता कुन बेला बन्द हुने हुन्, ठेगान छैन। नेपालमा विगतमा अव्यवस्थापन, अकर्मण्यता र भ्रष्टाचारका कारण बन्द भई हाल खण्डहरझैँ बन्न पुगेका सार्वजनिक मात्रै होइन, विविध कारणले बन्द हुन पुगेका निजी उद्योगकै नियति हाल सञ्चालनमा रहेका मेडिकल कलेजको हुने हो कि भन्ने आशंका पैदा भएको छ।

चुनौती निजीमा मात्रै होइन, सञ्चालनमा रहेका र स्वीकृतिको प्रक्रियामा रहेका सार्वजनिक मेडिकल कलेज या प्रतिष्ठानमा पनि उत्तिकै छन्। सार्वजनिक शैक्षिक संस्थामा कुल सिट संख्याको ७५ प्रतिशत छात्रवृत्तिको प्रावधान रहेकाले तिनको खर्च राज्यले व्यहोर्नुपर्ने हुन्छ। फलस्वरूप राज्यमाथि ठूलो आर्थिक दायित्व थपिने गर्छ। धेरैजसो सार्वजनिक स्वास्थ्य प्रतिष्ठान एवं शिक्षण अस्पतालमा राजनीतिक हस्तक्षेप, चरम भ्रष्टाचार र अव्यवस्थाका कारण सञ्चालन खर्च अत्यधिक छ। राज्यले कहिलेसम्म यी संस्थालाई धान्न सक्ला भन्ने गम्भीर आशंका उब्जिएको छ।

सत्य एवं तथ्य के हो भने चिकित्सा शिक्षा र सेवाको स्तरीयतामा सम्झौता नगर्ने हो भने चिकित्सक उत्पादन गर्दा लगानी ठुलै छ। त्यसका आधारमा हेर्दा हाल एमबीबीएसका लागि तोकिएको प्रतिविद्यार्थीको शुल्क ४० देखि ४६ लाखलाई न्यून नै मान्नुपर्छ। तर, मध्यम आर्थिक अवस्था भएका अभिभावकले चर्को शुल्क तिर्न सक्दैनन्। यही रकम पनि ज्यादा भयो भन्ने गुनासो नभएको होइन। तर, लगानीको परिमाणलाई इन्कार भने गर्न सकिन्न। नेपालको दुर्भाग्य नै मान्नुपर्छ, अन्य मुलुकका धनाढ्यले झैँ यहाँ पनि चिकित्सा क्षेत्रको लगानीलाई च्यारिटी होइन, नाफामूलक नै ठान्ने गरिएको छ। यसो हुनुमा मुलुकका सरकार र स्वार्थ गाँसिएका पार्टीका नेता जिम्मेवार छन्। त्यसो त च्यारिटीबाहेकका निजी लगानीकर्ता कसले पो घाटाको व्यापार गर्न चाहन्छन् र!

कुल निःशुल्क छात्रवृत्ति कोटा ५०० जतिमध्ये आधाजति त आरक्षित नै छन्। जसको प्राप्तिलाई आर्थिक पाटोभन्दा अन्य पक्षलाई आधार मानिएको छ। हाम्रोमा निःशुल्कबाहेक स्वदेशीका लागि शुल्क एउटै छ। यो शुल्कलाई पनि सस्तो र महँगोमा वर्गीकरण गर्ने हो कि ? निःशुल्क छात्रवृत्तिको कोटासहित सिटसंख्या पनि वृद्धि गर्न लचिलो हुनुपर्ने आवश्यकता छ। अहिले चिकित्सा शिक्षामा जेहेनदार विद्यार्थीको आकर्षण पनि कम हुँदै गएको प्रमाण भर्खरै सार्वजनिक भएको प्रवेश परीक्षाको नतिजा पनि हो।

विगतमा भारतबाट उच्च शुल्क तिरेर उल्लेख्य संख्यामा एमबिबिएस पढ्न विद्यार्थी आउने गर्थे। तर, केही वर्षदेखि त्यो क्रम यहाँको अव्यवस्था र अस्थिरताका कारण न्यून हुँदै गइरहेको छ। भारत एवं अन्य राष्ट्रका नागरिक तथा गैरआवासीय नेपालीका छोराछोरीलाई नेपालमा एमबिबिएस पढाउन कसरी सहजीकरण गर्न सकिन्छ, त्यसतर्फ सोच्न ढिलो भइसकेको छ ?

चिकित्सा शिक्षा ऐन लागू हुनु केही वर्षअघिसम्म निजी मेडिकल कलेजका लागि चिकित्सा शिक्षा आर्थिक दृष्टिले चाँदी कटाइ नै थियो भन्दा हुन्छ। स्नातकको शुल्क कलेजले करोडसम्म र स्नातकोत्तरको कुनै-कुनै विषयमा त त्योभन्दा पनि बढीसम्म लिने गर्थे। जुन शुल्क अहिले पनि भारतका निजी मेडिकल कलेजमा कायम छ।

नेपालमा साझा एकीकृत प्रवेश परीक्षा, मेरिटमा आधारित भर्नाको व्यवस्थासँगै बर्सेनि चिकित्सा शिक्षा आयोगले शुल्क तोक्ने विषय ऐनमा नै स्पष्ट छ। सोही ऐनअनुसार हाल उपत्यकामा ४० लाखजति र बाहिर ४६ लाख तोकिएको छ। स्नातकोत्तरका लागि भने त्यो शुल्क समान अर्थात् २२ लाख छ। शिक्षण अस्पतालमा चौबिसै घण्टा चिकित्सकीय सेवामा प्रमुख भूमिका निर्वाह गर्नुपर्ने रेजिडेन्ट चिकित्सकले पाउने गरेको पारिश्रमिक अत्यन्तै न्यून छ। सिद्धान्ततः उचित निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने पर्ने हो। निजी शैक्षिक संस्थामा स्नातकोत्तर तहका लागि तोकिएको शुल्क २२ लाख पनि लगानीको तुलनामा न्यून नै हो। राज्य या सरकारले यस सवाललाई निरुपण गर्नुपर्ने आवश्यकता छ। एकातिर प्रतिकलेज एमबिबिएसका लागि भर्ना सिट संख्या अधिकतम १५० बाट घटाएर १०० (भारतमा २५०-३०० सम्म छ) हुनु, अर्कातिर शुल्क घट्नु र बिमा एवं अन्य कारण उपचारार्थ आउने बिरामीको संख्या पनि घट्दै जाँदा आर्थिक रूपमा सञ्चालन खर्च धान्न कठिन भएको कारण दर्साउँदै मेडिकल कलेजहरूले फ्याकल्टी अर्थात् शिक्षक संख्यामा कटौती गर्दै आएका छन्। साथै, यिनले न्यूनतम र नियमित पारिश्रमिकसमेत उपलब्ध गराउन नसकेको दलिल पेस गर्दै आएका छन्।

राज्यले हालसम्म निरन्तर रूपमा भरथेग गरिरहेका सार्वजनिक मेडिकल कलेजको अवस्था केही फरक छ। स्वाभाविक रूपमा बिमा एवं अन्य कारणले पनि सार्वजनिक मेडिकल कलेजका शिक्षण अस्पतालमा बिरामीको चाप उच्च नै छ। उपचार शुल्कमा वृद्धि, स्वास्थ्य बिमाको रकम, सरकारहरूबाट अस्पताल सञ्चालनका लागि आवश्यक उपकरणको व्यवस्थापनलगायत कारणले गर्दा सार्वजनिक मेडिकल कलेजहरूको सञ्चालनमा केही सहजता छ। सरकारहरूको भरथेगका बाबजुद पनि अपवादबाहेक शिक्षण अस्पतालहरूको उपचार शुल्क सस्तो छैन, बरु शल्यक्रिया सेवा शुल्क निजी मेडिकल कलेजमा भन्दा महँगो छ। शिक्षण अस्पतालमा हुने अंग प्रत्यारोपण खर्च करोडमाथि पुग्ने गरेको समाचार सम्प्रेषित भएको छ। राज्यको लगानीका दृष्टिले प्रतिएकाइ उपचार खर्च सार्वजनिक शिक्षण अस्पतालमै महँगो हुने गरेको छ। उदाहरणका रूपमा काठमाडौंको वीर अस्पताल र शिक्षण अस्पताल महाराजगञ्जलाई नै लिऊँ न। ती अस्पतालमा प्रदान गरिएको प्रतिएकाइ सेवालाई निजी क्षेत्रको सेवासँग तुलना गर्दा त्यो महँगै देखिन्छ। तर, अस्पतालको हालत भने सार्वजनिक विद्यालयकै जस्तो बेहाल छ।

अहिले निजी मेडिकल कलेजका सञ्चालकले एकसूत्रीय खर्च कटौती र आम्दानी बढौतीका लागि दबाब दिने गरेका छन्। शिक्षण अस्पतालमा चिकित्सा सेवा र शिक्षामा संलग्न चिकित्सक घोर निराश देखिन्छन्। निजी शिक्षण अस्पताल उच्च मनोबलसाथ स्तरीय चिकित्सा शिक्षाका माध्यमबाट दक्ष चिकित्सक उत्पादनका लागि भन्दा नियमित पारिश्रमिकका लागि सञ्चालकको दबाबमा छन्।

पंक्तिकारको स्पष्ट धारणा छ- न्यून आर्थिक अवस्था भएका विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको कोटा वृद्धि या सरकारले न्यून ब्याजमा बैंकबाट आवश्यक शैक्षिक ऋणको व्यवस्था गर्न सक्छ। तर, एमबीबीएस र स्नातकोत्तर तहमा न्यायोचित र उपयुक्त शुल्क तोक्नुपर्ने आवश्यकता छ। राज्यले सधैँ डा. गोविन्द केसी र उनको अनशनलाई मात्रै बहाना बनाउन मिल्दैन। एक वरिष्ठ चिकित्सक एवं प्राध्यापक भएका नाताले डा. केसी पनि यस्ता समस्याबारे पक्कै पनि अनभिज्ञ हुनुहुन्न।

अहिलेको चिकित्सा शिक्षाको स्नातक र स्नातकोत्तर तहका लागि तोकिएको शुल्क क्रमशः ४०-४६ लाख एवं २२ लाख रुपैयाँ आर्थिक रूपमा कति उपयुक्त र जायज छ ? यसका लागि सम्बन्धित विज्ञको सहयोगमा विश्लेषण गराउन सकिन्छ। उच्च लागत खर्च लागे पनि शिक्षण अस्पताल राम्रोसँग चलाउन कठिन परेका जुम्लाजस्ता सार्वजनिक प्रतिष्ठानलाई बिरामीको संख्या उच्च रहेका कर्णाली प्रदेशकै सुर्खेत अस्पतालसँग आबद्ध गर्न ऐन संशोधन गर्न पनि सकिन्छ। जुम्लामा जडीबुटीसँग सम्बन्धित अनुसन्धान र प्रशोधन गर्न आवश्यक छ। त्यहाँको वातावरण विभिन्न दीर्घरोगीको दीर्घकालीन पुनर्स्थापनाका लागि उपयोगी छ।

सार्वजनिक अस्पतालपिच्छे गठित भिसीलगायत पदाधिकारी रहेका प्रतिष्ठान एकीकृत गरी एउटै छाता ऐनमा आबद्ध हुनु वाञ्छनीय छ। बिरामी र विशेषज्ञ सेवा न्यून भएकालाई राजनीतिक स्वार्थका लागि होइन, अहिले नै पूर्ण क्षमतामा सञ्चालनमा रहेका ठूला अस्पताललाई क्रमशः चिकित्सा विज्ञान प्रतिष्ठानमा आबद्ध गर्न आवश्यक छ। कलेजपिच्छे सम्भव नभए आधारभूत विज्ञान अध्यापनका लागि छुट्टै व्यवस्थासमेत गरिन सक्छ।

शिक्षण अस्पतालहरू सार्वजनिक होऊन् कि निजी, भेदभाव नगरी उपकरण एवं औजारका लागि राज्यले सहुलियत दिनुपर्छ। हेक्का रहोस्, स्तरीय चिकित्सा शिक्षा र सेवा एक-अर्काका पूरक हुन्। केन्द्रदेखि मोफसलका मेडिकल कलेजले कसरी स्वदेशमै सस्तो मात्रै होइन, सार्वजनिक अस्पतालकै मूल्यमा सेवा प्रदान गरेका छन् र कुल स्वास्थ्य सेवाको आधा हिस्सा ओगटेका छन् भन्ने यथार्थलाई अस्वीकार गर्न सकिन्न। सरकारको अकर्मण्यता र अक्षमता त एक दशकमा बल्लतल्ल निर्माण सम्पन्न भएको कैलाली गेटास्थित प्रस्तावित सात सय शैयाको शिक्षण अस्पताल सञ्चालनमा ल्याउन नसकेको उदाहरणबाटै उजागर हुन्छ। अहिलेका प्रधानमन्त्री केपी ओलीदेखि सत्तासीन कांग्रेस या अन्य पार्टीका सभापति या अध्यक्षलाई आफूहरू निर्वाचित जिल्लाको सार्वजनिक स्वास्थ्य सेवाको स्थितिबारे छर्लंग छैन र ?

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक २५ दशमलव ४६ अंकले घट्यो



काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार कारोबार मापक नेप्से परिसूचक २५ दशमलव ४६ अङ्कले ओरालो लागेर दुई हजार सात सय एक दशमलव ९० मा सीमित भएको छ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ६३ अङ्कले ओरालो लागेर चार सय ७९ दशमलव ७२ मा सीमित भएको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्यमा भने गिरावट भएको छ।

कूल दुई करोड २२ लाख ६२ हजार नौ सय २४ कित्ता शेयर रु १० अर्ब १२ करोड २४ लाख आठ जार दुई सय ४८ मूल्यमा खरिद बिक्री भएको छ।

नेप्सेका अनुसार माहुली लघुवित्त, सिर्जनशिल लघुवित्त, मिड सोलु हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भइ सकारात्मक सर्किट लागेको छ। यस्तै, मनकामना इञ्जिनियरिङ हाइड्रोपावर नौ दशमलव ९५ र सर्पोट माइक्रोफाइनान्सका लगानीकर्ताले आठ प्रतिशतले कमाएका छन्।

त्यस्तै, थ्री स्टार हाइड्रोपावर १०, कुमारी इक्विटी फण्ड आठ दशमलव शून्य सात, गुडविल फाइनान्स छ दशमलव शून्य पाँच, डोल्टी पावर कम्पनी चार दशमलव ५४ र मातृभूमि लघुवित्तका लगानीकर्ताले चार दशमलव ४५ प्रतिशतले गुमाएका छन्।

# स्याङ्जामा डेंगु संक्रमण बढ्ने खतरा

स्याङ्जा। स्याङ्जामा डेंगुको सङ्क्रमण बढ्न थालेको छ। पछिल्ला केही दिनहरूमा डेंगुसँग मिल्दो लक्षण भएका बिरामीहरूको संख्या बढेको जिल्लाका अस्पतालहरूले जनाएका छन्। साउनमा ८२ जनामा डेंगु संक्रमण भएकोमा भदौको तेस्रो हप्तासम्म आइपुग्दा ५३ जनामा डेंगु संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख केशव चापागाईंले जानकारी दिए। अहिलेसम्म १५३ जनामा डेंगुबाट संक्रमित पुष्टि भएको उनले बताए। डेंगुको संक्रमण अझै फैलिन सक्ने अनुमान गरिएको छ।

डेंगु संक्रमणको परीक्षणको दायरा बढाइएकाले सङ्क्रमित बढी भेटिएको स्वास्थ्य कार्यालयको भनाइ छ। शंकास्पद बिरामीलाई अनिवार्य रूपमा परीक्षण गरिँदै आएको छ। जिल्ला स्वास्थ्य कार्यालय, गल्याँ प्राथमिक अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूमा उपचारका लागि पुग्ने बिरामीहरूमा डेंगुको लक्षण देखिएको पाइए तत्कालै परीक्षण गर्ने गरिएको चापागाईंले बताए।

डेगुको सङ्क्रमण बढ्न थालेपछि विभिन्न पालिकाहरूले यसको नियन्त्रणका लागि अभियान समेत सुरु गरेका छन्। सङ्क्रमणबाट बच्नका लागि पानी जम्ने स्थानहरू सफा गर्ने, औषधी छर्नेलगायतका काम सुरु गरिएको भीरकोट नगरपालिका प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए। भीरकोटमा अहिले सम्म २२ जनामा डेंगु संक्रमण देखिएको छ। संक्रमणको दर बढ्न सक्ने तर्फ सचेत बन्दै नगरभित्र सचेतनाका कार्यक्रमहरु सञ्चालन गरेको कर्मचार्यले जनाए।

स्याङ्जामा सबैभन्दा बढी स्याङ्जा अस्पतालमा उपचार गर्न आएका बिरामीहरुमा डेंगु रोग देखिएको स्वास्थ्य कार्यालय स्याङ्जाले जनाएको छ। स्वास्थ्य कार्यालय स्याङ्जाका डेंगु संक्रमण रोग सम्वन्धी फोकल पर्सन पृथ्वी प्रसाद लामिछानेका अनुसार



जिल्ला अस्पतालमा अहिलेसम्म ३० जना बिरामीमा डेंगु संक्रमण देखिएको बताए। डेंगु संक्रमण बढ्न नदिन सबै पालिकाका स्वास्थ्य शाखाहरुलाई निर्देशनसहित परिचालित हुन अनुरोध गरेको उनले बताए। वर्षाद बन्द भएर चर्को घाम लाग्ने बित्तिकै डेंगु संक्रमण बढ्न सक्ने भएकाले सबै सचेत रहन उनले आग्रह समेत गरेका छन्।

यसैगरी स्याङ्जाका ११ पालिकामध्ये सबैभन्दा धेरै चापाकोट नगरपालिकामा डेंगु संक्रमण देखिएको छ। अहिलेसम्म चापाकोटमा ३० जनामा डेंगु संक्रमण भएको पुष्टि भएको छ। चापाकोट पछि भीरकोट नगरपालिका डेंगु संक्रमण देखिनेमा दोस्रो स्थानमा रहेको छ। स्वास्थ्य कार्यालय स्याङ्जाले दिएको जानकारीअनुसार वालिङमा १६, कालीगण्डकीमा १६, पुतलीबजारमा ९, बिरुवामा ४, गल्याङ्मा ३, अर्जुनचौपारीमा ३, आँधीखोलामा १ र हरिनासमा १ जनामा संक्रमण पुष्टि भएको छ। अहिले सम्म फेदिखोला गाउँपालिकामा डेंगु संक्रमण फेला नपरेको बताइएको छ।

स्वास्थ्य संस्थाहरूलाई उच्च सतकर्ताका साथ राख्दै नागरिकलाई सचेत पार्ने काम सुरु गरिएको गल्याङ नगरपालिकाले जनाएको छ। नगरप्रमुख गुरुप्रसाद भट्टराईका अनुसार योसम्बन्धी सूचना प्रवाह, शङ्कास्पद बिरामीलाई प्राथमिकताका साथ परीक्षण र उपचार गरिँदै आएको बताए। यता वालिङ नगरपालिकाले पनि विद्यालय स्तरमै डेंगुको सचेतना सम्वन्धी कार्यक्रम गरिंदै आएको स्वास्थ्य शाखा प्रमुख कमल प्रसाद पाण्डेले बताए। वालिङमा देखिएको संक्रमण बाहिर गएर आएकाहरुमा मात्रै देखिएको बताए। संक्रमण देखिएका बिरामीलाई घरबाट बाहिर ननिस्कन र झुलको प्रयोग गरेर बस्न अनुरोध गरेको पाण्डेले जनाए। विभिन्न सामाजिक सञ्जाल पत्रपत्रिका, रेडियो, टेलिभिजनलगायत सञ्चार माध्यमबाट पनि डेंगु संक्रमणबाट बच्ने र रोकथाम हुने उपायका बारेमा सचेतना दिँदै आएको पाण्डेले बताए।

# लायन्स कर्पोरेट नाइट हुने

भैरहवा । लायन्स क्लब अफ सिद्धार्थनगर गौतमबुद्धले भैरहवामा दोस्रो लायन्स कर्पोरेट नाइट गर्ने भएको छ। राष्ट्रिय कलाकार कमल खत्रीसहित स्थानीय कलाकारको उपस्थितिमा भदौ २८ गते शुक्रबार कार्यक्रम गर्न लागेको क्लबले आइतबार पत्रकार सम्मेलन गरी जानकारी गराएको छ।

विभिन्न सामाजिक कार्य सञ्चालनका लागि आर्थिक स्रोत जुटाउन र यस क्षेत्रमा रहेको बैंक, कर्पोरेट हाउस र सामाजिक क्षेत्रमा क्रियाशील युवाबीचमा आपसी भाइचारा स्थापित गर्दै सम्बन्ध विकास र एक दिन भए पनि तनावबाट केही भए पनि मनोरञ्जन दिने अपेक्षाका साथ कार्यक्रम आयोजना गर्न लागिएको क्लबको अध्यक्ष सफी खानले बताए।

दोस्रो पटक सांगीतिक कार्यक्रमको आयोजना गर्नुको पछाडि अहिलेको व्यस्त मानव जीवनलाई केहीबेर भए पनि तनावमुक्त बनाउनु नै रहेको क्लबका अध्यक्ष खानले जनाए।

यस क्षेत्रमा विगत एक दशकदेखि क्रियाशिल यो संस्था भोकमरी, वातावरण, रक्तदान, आँखासम्बन्धी सामाजिक कार्य गर्दै आइरहेको भए पनि क्लबको कोष अभिवृद्धि गरेर सामाजिक कार्य गर्ने उद्देश्यका साथ कार्यक्रम गर्न लागिएको कार्यक्रम संयोजक राजु बस्नेत बताए।

भैरहवास्थित दरबार बैंक्वेटमा हुने कार्यक्रममा अनुमानित ४ लाख खर्च हुने र त्यसुबाट केही बचत गरी सामाजिक क्षेत्रमा कार्यक्रम गर्ने योजना क्लबको रहेको छ। कर्पोरेट क्षेत्रलाई लक्षित गर्दै हुने कार्यक्रममा क्लबका सदस्यहरु, कर्पोरेट क्षेत्रमा संलग्न व्यक्तित्वलगायत गरी करिब ३ सय जनाको उपस्थिति हुने अपेक्षा गरिएको छ।

# निबन्ध लेखन प्रतियोगिता

बुटवल । नेपालमा बर्सेनी आत्महत्याका कारण ज्यान गुमाउनेको संख्या बढिरहेको छ। सोही कुरालाई मध्यनजर गर्दै "आत्महत्या रोकथाम बारे संवाद गरौं, दृष्टीकोण बदलौं" शीर्षकमा नेपाल मनोचिकित्सक संघ, नेपलिज एसोशियसन अप सोसल साइक्याटरी र घुम्ने किताबको संयुक्त आयोजनामा सेटेम्बर १० मा हुनगइरहेको विश्व आत्महत्या रोकथाम दिवसको पूर्व सन्ध्यामा विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिता भएको छ।

शनिबार लुम्बिनी वाणिज्य क्याम्पसको सभाहलमा भएको उक्त कार्यक्रममा गार्गी एकेडमीमा ८ कक्षामा अध्ययनरत छात्रा अन्सु क्षेत्रीले करिव ७ मिनेटसम्म "आत्महत्या रोकथामबारे संवाद गरौं, दृष्टीकोण बदलौं" शीर्षकमा निबन्ध वाचन गरिन्।

क्षेत्रीसँगै १० जना विद्यार्थीले आफूले लेखेको निबन्ध वाचन गरेका थिए। प्रथम भने अन्सु भएकी थिइन्। प्रतियोगितामा प्रस्तुत भएका २५ जना विद्यार्थीको निबन्धबाट १० जनाको निबन्ध वाचनको लागि छानिएको थियो। जसमध्ये अन्सु क्षेत्री प्रथम, दिपेश गिरी द्वतीय र अन्वेषा भुसाल तृतीय हुन सफल भएका थिए। दिपेश र अन्वेषाको निबन्धले पनि आत्महत्या रोकथामको विषयमा जोडदार रुपमा आवाज उठाएको थियो।

प्रमुख निर्णायक माधव पौडेलले निबन्ध लेखनमा आफ्नो मतलाई बलियो बनाउन तथ्य र तथ्याङ्कलाई स्रोत खोलेर लेख्ने बानी बसाल्नुपर्ने बताए।

अहिले पनि हाम्रो समाजमा आत्महत्याका कारण अकालमै धेरैले ज्यान गुमाउनुपरेको छ। समाजको लागि आत्महत्या चुनौतीको विषय बन्दै गए पनि यसको विषयमा संवाद भने नभइरहेको देखेपछि बुटवलमा मनोचिकित्सहरु, स्थानीय युवा तथा संस्थाको सक्रियतामा निबन्ध लेखनको परिक्लपना गरिएको कार्यक्रम संयोजन सरिता श्रीसले बताइन्।

मनोचिकित्सक डा. सन्दिप सुवेदीले आत्महत्या न्यूनीकरणको लागि संवाद जरुरी रहेको बताउँदै यस्ता खालका कार्यक्रममा महत्वपूर्ण भूमिका खेल्ने जनाए।

डा.अर्पना पोखरेलले शिक्षक, विद्यार्थी र अभिभावकबिच आत्महत्या रोकथाम गर्ने अभिप्रायले यसखालको कार्यक्रम गर्नुपर्छ भन्ने लागेर निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको बताए।

डा.मनोज ढुङ्गानाले आत्महत्या रोकथाम गर्न समाजलाई सबैभन्दा पहिले यसको बारेमा बुझाउन जरुरी छ भन्ने भएर कार्यक्रमको परिकल्पना गरिएको बताए।

प्रतियोगिताको निर्णायकको रुपमा माधव पौडेल, दलबहादुर गुरुङ, डा.अर्पना पोखरेल रहेका थिए।

# दुर्घटना बढ्न थालेपछि छाडा चौपाया व्यवस्थापन

जानकी (बाँके) । नेपालगञ्ज उपमहानगरपालिकाले छाडा चौपाया व्यवस्थापन गर्न सुरु गरेको छ। रत्न राजमार्गको कोहलपुर नेपालगञ्ज खण्डमा छाडा चौपायाका कारण सडक दुर्घटना बढ्न थालेपछि प्रत्येक शनिबार स्थानीय प्रशासनको सहयोगमा व्यवस्थापन सुरु गरेको हो।

उपमहानगरपालिका-२१ स्थित बिर्तामा निमार्ण गरिएको गौशाला (काञ्जी हाउस) मा छाडा पशुचौपायालाई व्यवस्थापन गर्ने गरिएको छ। रु ३५ लाखको लगानीमा निर्माण गरिएको गौशालामा गाईगोरु र घोडासहित एक सय २६ चौपाया रहेका उपमहानगर प्रमुख प्रशान्त विष्टले जानकारी दिए।

"पशु अधिकारको रक्षा गर्दै छाडा चौपायालाई काञ्जी हाउसमा राख्नेगरी व्यवस्था मिलाएका छौँ", उनले भने-"छाडा चौपायालाई सुरक्षित रूपमा राख्नाका साथै उचित दानापानीको व्यवस्थापन पनि नगरपालिकाले गरिरहेको छ।" सडकमा छाडा छोडिएका पशुलाई नियन्त्रण लिन र स्याहार-सुसार गर्नका लागि चारजना कर्मचारीको व्यवस्थापन गरिएको नगर प्रमुख विष्टले जानकारी दिए।

तीन बिगाहा क्षेत्रफलमा निर्माण गरिएको गौशालामा राखिएका चौपायाका लागि नगरपालिकाले आफ्नै जग्गामा घाँसखेती पनि गर्दै आएको गौशालाका इञ्चार्ज राकेश भारतीले बताए । विगत पाँच वर्षदेखि गौशालाको रेखदेख गर्ने जिम्मेवारी सम्हाल्दै आएका भारतीले वस्तुभाउलाई खुवाउनका लागि मौसम सुहाउँदो घाँसखेती गर्ने गरिएको जानकारी दिए। "घाँसखेतीका लागि मात्रै झन्डै अढाइ बिगाहा जमिनको प्रयोग गरिएको छ। हिउँदमा बिहान-बेलुका गाईवस्तुलाई चराएर दिनमा एकपटक मात्र दानापानी दिने गरिन्छ भने वर्षाको समयमा बिहान र बेलुका गरी दुईपटक दानापानी दिने गरिएको छ।"-उनले भने। रासस

# सैनामैना व्यापार संघले मनायो ११औं स्थापना दिवस

सैनामैना। सैनामैना व्यापार संघले एघारौं स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाएको छ।

संघको कार्यालय परिसरमा एक संक्षिप्त समारोहबिच संघले स्थापना दिवस मनाएको हो।

संघका अध्यक्ष सुरेन्द्र पौडेलको अध्यक्षतामा भएको स्थापना दिवस समारोहको उद्घाटन गर्दै संघका संरक्षक मीनप्रसाद पौडेलले आर्थिक चलायमान बनाउन संघको क्रियाशीलताको खाँचो रहेको बताए।

उनले विद्यमान आर्थिक संकुचन र मन्दीको अवस्थामा राज्यले साना तथा मझौला उद्यमी तथा व्यवसायीहरुलाई लक्षित गरेर राहतका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए। उनले राजस्व संकलनका क्षेत्रका रुपमा रहेका यस्ता संघ संस्थालाई तीनै तहका सरकारले विशेष प्राथमिकता दिनुपर्ने बताए।

स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा संघका पूर्व अध्यक्ष दुर्गा गौतम, जीवनाथ पाण्डे, वरिष्ठ उपाध्यक्ष देवीदत्त सुवेदी, महासचिव भीम सुवेदी, तीनाउ पश्चिम डिलर एसोसिएसनका नरेश न्यौपानेलगायतले स्थापना दिवसका अवसरमा शुभकामना व्यक्त गरेका थिए।

२०७१ साल भदौ २३ गते सैनामैनाका व्यवसायीहरूको साझा संस्थाका रुपमा व्यापार संघको स्थापना भएको थियो। संघमा हाल करिब एक हजार सदस्य आबद्ध रहेको संघका अध्यक्ष सुरेन्द्र पौडेलले जानकारी दिए।

संघले यसक्षेत्रका व्यवसायी, उद्यमी, व्यापारीलगायतका पेशागत र व्यवसायिक हकहितका पक्षमा विभिन्न रचनात्मक कार्यक्रम गर्दै आएको छ।

हालै यसक्षेत्रका उद्यमी, व्यवसायी तथा व्यापारीहरुलाई एकै ठाउँमा भेला गरेर कर, राजस्वका विभिन्न प्रावधानका बारेमा प्रशिक्षण समेत सञ्चालन गरेको थियो।

स्थापना दिवसका अवसरमा संघको कार्यालय परिसरमा दीप प्रज्ज्वलन समेत गरिएको थियो।


## लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला (व. सु. प),रामग्राम नगरपालिका वडा न. १० मा प्रस्तावित डायनामिक फुड्स प्रा. लि. उद्योग संचालन प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः२०८१/०५/२४)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सुपादेउराली पेट इन्डस्ट्रिज प्रा. लि.<br>ठेगानाः स्वाठी, सुनवल नगरपालिका -२, नवलपरासी जिल्ला (व. सु. प),लुम्बिनी प्रदेश,<br>फोन नं.: ९८५७०४७०४२ |
| प्रस्तावको व्यहोरा | • कार्यान्वयन हुने स्थानः सुनवल नगरपालिका -२<br>• जग्गाको विवरणः स्वाठी, सुनवल नगरपालिका-२ कि.न.(कित्ता नं ५३१, ५३०, ३२९, ३३३,३३१,३३०) जम्मा (०-१०-०) क्षेत्रफलको निजी जग्गा<br>• प्रस्तावबारे सामान्य जानकारीःपेट (एभ्त) बोतल उत्पादन गर्ने, उद्योग निर्माण संचालन<br>• लगानीः २,००,००,००० (२ करोड)<br>• लगानी किसिमः निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | नवलपरासी जिल्ला (व. सु. प), / सुनवलनगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष,सामाजिक पक्ष,सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न सुनवल नगरपालिका- २तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँसभएको निकाय वावनतथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डायनामिक फुड्स प्रा. लि., रामग्राम नगरपालिका, नवलपरासी जिल्ला(व. सु. प), , लुम्बिनी प्रदेश,<br>फोन नं.:९८५७०४७०४२ |
| परामर्शदाताको नाम र ठेगाना | तलेजु कन्सल्ट बिल्डर्स एंड सप्लायर्स प्रा. लि.,बुटवल-११, रुपन्देही<br>इमेलःtalejugrp@gmail.com<br>सम्पर्क नंः ९८४०६१००८० |


लुम्बिनी...

लुम्बिनी प्रदेश सातवटा प्रदेशमध्ये धेरै उद्योगहरू सञ्चालित प्रदेश हो । प्रदेश मन्त्रालयको वातावरण शाखालाई साधन स्रोत सम्पन्न बनाउनेतर्फ सरकारको ध्यान गएको छैन। 'न सहकर्मी र सहयोगी कर्मचारी छन्, न प्रयोगशाला र आवश्यक उपकरण छन्, एक्लै कसरी काम गर्ने ?,' चौधरीले भने -'राम्रोसँग काम गर्नका लागि प्रदेशमा ६ जना वातावरण निरीक्षक र ६ जना सहयोगी कर्मचारीको दरबन्दी सिर्जना गरी पूर्ति गर्नुपर्छ अन्यथा वातावरण शाखा हात्तीको देखाउने दाँत मात्रै हुन्छ।'

वातावरण प्रदुषण गर्ने प्रमुख कारकहरू सवारी साधनले फ्याँक्ने धुवाँ, इट्टा उद्योगहरूका चिम्नीले उत्सर्जन गर्ने धुवाँको कणलगायतका प्रदूषणको मात्रा मापन गर्न आवश्यक प्राविधिक जनशक्ति, उपकरण र औजार, परीक्षण गर्ने प्रयोगशाला तत्काल व्यवस्था गर्नुपर्ने वातावरण निरीक्षक चौधरीको आग्रह छ।

मन्त्रालयको निर्णायक तहमा वातावरण विषय र वातावरणविद्हरूको प्रवेशलाई बढाउनुको साटो निषेध गर्दा प्रदेशकै वातावरणीय ह्रास बढ्ने र भविष्यमा ठूला विपद र जोखिमको सामना गर्नुपर्ने अवस्था आउन सक्ने वातावरणविद्हरू बताउँछन्।

'संविधानले अंगिकार गरेको स्वच्छ र स्वस्थ्य वातावरण प्रत्येक नागरिकको मौलिक हक भन्ने प्रावधान कार्यान्वयन गर्न प्रदेश सरकारले वातावरण निरीक्षकहरूको दरबन्दी बढाउनु पर्ने र प्रदेशका अन्य निकायहरूको निर्णायक तहमा वातावरण निरीक्षकहरूको दरबन्दी श्रृजना गर्न एकदम जरूरी छ,' वन तथा वातावरण क्षेत्रमा कलम चलाउँदै आएका अग्रज पत्रकार सुबोध गौतम भन्छन्-'वायु प्रदूषण, जल प्रदूषण, फोहरमैला व्यवस्थापन र औद्योगिक प्रदूषण व्यवस्थापनका साथै जलवायू परिवर्तन र यसबाट हुने प्राकृतिक विपद् जोखिमका सवाल प्रदेशभरि हेर्न एकजना वातावरण निरीक्षकले कसरी सक्छ ?'

वातावरण विषयका जनशक्ति यथेष्ठ संख्यामा हुनु पर्ने प्रदेशमा ४४% वन क्षेत्र कायम गर्दैमा जलवायु परिवर्तन र यसको असर, विपद् जोखिमहरू घट्छन् भन्ने भ्रममा सरकार रहेको हुँदा वातावरण क्षेत्रका जनशक्ति थप गर्न उदासीन भएको गौतम औंल्याउँछन्।

'जैविक विविधता पनि घट्दै गइरहेको छ, वनमा मात्रै केन्द्रित भएर वातावरणको संरक्षण हुन्छ भन्ने मानसिकता सम्बन्धित निकायको नेतृत्वले त्याग्न जरूरी छ।'- गौतम भन्छन्।

प्रदेश सरकारले हरेक वर्ष ल्याउने नीति तथा कार्यक्रम र बजेटमा वातावरणलाई कतै प्राथमिकता नदिएको वातावरणका जानकार युवराज कंडेल बताउँछन् । हरेक स्थानीय तहका वातावरण शाखामा वातावरण विषयका विषयगत जनशक्ति राख्नुपर्नेमा असम्बन्धित विषय पढेका जो पायो त्यही कर्मचारी राखेर काम चलाएको अवस्था रहेको कंडेल बताउँछन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेर प्रदेशको संगठनात्मक संरचना हेरिरहेका प्रेम गौतमले वातावरण संरक्षण सरकारको प्राथमिकतामा पर्नुपर्ने विषय भए पनि साधन स्रोतको सीमितताका कारण प्राथमिकतामा पर्न नसकेको स्वीकारे। उनले वातावरण निरीक्षकको वृत्ति विकासको लागि सरकारको ध्यानाकर्षण भएको बताए।

**वायु प्रदूषणले नेपालमा वार्षिक ४२ हजार जनाको मृत्य**

वायु प्रदूषणको पक्षले नेपाल विश्वकै सबैभन्दा प्रदूषित १० वटा देशभित्र पर्दछ र विश्व स्वास्थ्य संगठनकाअनुसार नेपालमा वायु प्रदूषणको मात्रा अन्तर्राष्ट्रिय मापदण्डभन्दा लगभग ६ गुणाले धेरै रहेको छ। वायु प्रदूषणकै कारणले नेपालमा वार्षिक ४२ हजार मानिसहरूको मृत्य हुने गरेको अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले उल्लेख गरेता पनि नेपालमा स्वच्छ र स्वस्थ वायुमा श्वास फेर्न पाउनु पर्ने वातावरण बन्न नसकिरहेको वातावरण निरीक्षक चौधरी बताउँछन्।

फोहरमैला व्यवस्थापन, फोहर पानी, औद्योगिक प्रदूषण, जलवायू परिवर्तन र विपद् जोखिम जस्ता सवालहरू सम्बोधन गर्न प्रदेश सरकारले ठोस प्रयास गर्न सकेको देखिंदैन।


## लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला (व. सु. प),रामग्राम नगरपालिका वडा न. १० मा प्रस्तावित डायनामिक फुड्स प्रा. लि. उद्योग संचालन प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः२०८१/०५/२४)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः डायनामिक फुड्स प्रा. लि.<br>ठेगानाः रामग्राम नगरपालिका -१०, नवलपरासी जिल्ला(व. सु. प),लुम्बिनी प्रदेश,<br>फोन नं.:९८०२६२०९२० |
| प्रस्तावको व्यहोरा | • कार्यान्वयन हुने स्थानः रामग्राम नगरपालिका -१०<br>• जग्गाको विवरणः नवलपरासी (व. सु. प ), सुकरौली कि.न. (कित्ता नं २००८, १९६५,१९६६ ,१६७३ , ८२०, २००९, ६४७, १९७२, १३५ जम्मा (०-१९-२) क्षेत्रफलको जग्गा बहालमा<br>• प्रस्तावबारे सामान्य जानकारीःबिस्कुट, कुकीज, मिठाई, चकलेट, कन्फेक्शनरी आदि उत्पादन गर्ने, उद्योग निर्माण संचालन<br>• लगानीः ५,००,००,००० (५ करोड)<br>• लगानी किसिमः निजी-साझेदारी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | नवलपरासी जिल्ला (व. सु. प), / रामग्राम नगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष,सामाजिक पक्ष,सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न रामग्रामनगरपालिका-१० तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँसभएको निकाय वावनतथा वातावरण मन्त्रालयमावानिम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डायनामिक फुड्स प्रा. लि.,रामग्राम नगरपालिका, नवलपरासी जिल्ला(व. सु. प), , लुम्बिनी प्रदेश,<br>फोन नं.:९८०२६२०९२० |
| परामर्शदाताको नाम र ठेगाना | तलेजु कन्सल्ट बिल्डर्स एंड सप्लायर्स प्रा. लि., बुटवल-११, रुपन्देही<br>इमेलःtalejugrp@gmail.com<br>सम्पर्क नंः ९८४०६१००८० |



## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !!!

**सूचना प्रकाशित मितिः २०८१/०५/२४ गते**

यस वित्तीय संस्थाको देहायका संस्थापक शेयरधनीले आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयर मध्ये तपसील अनुसारको संस्थापक शेयर बिक्री गर्न इच्छुक भै वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरीद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरीद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि सो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनीलाई वित्तीय संस्थाको संस्थापक शेयर खरीद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, रुपन्देहीमा आफूले खरीद गर्ने शेयर कित्ताको मूल्य तथा संख्या खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ। उपरोक्त म्याद भित्र कुनै निवेदन प्राप्त हुन नआएमा प्रचलित नियमानुसार हाल कायम संस्थापक शेयरधनीहरुको खरीद दावी नभएको सम्झी बिक्रीको लागि प्राप्त उक्त शेयर अन्य नयाँ व्यक्ति वा संस्थापकहरुको खोजी गरी बिक्री कार्य गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपसील**

| क्र.सं. | संस्थापकको नाम, थर | बिक्री गर्न चाहेको कित्ता सँख्या |
|---|---|---|
| १. | श्री सुमित्रा देवी कुँवर | २५,००० (पच्चिस हजार) |
| २. | श्री टोप बहादुर सुनार | ९,००० (नौ हजार) |

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, बुटवल-१०, कालिकानगर, रुपन्देही**
**फोन नं.: ०७१-४३८१६९**
इमेलः**info@jucbank.com.np**, वेवसाईटः **www.jucbank.com.np**



## नेपाल रेडक्रस सोसाइटी
पाल्पा जिल्ला शाखा

## ब्लड बैंकका लागि सामग्री खरिद सम्वन्धी सिलबन्दी बोलपत्र आव्हान सम्वन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१।०५।२४

नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखा अर्न्तगत ब्लड बैंक संचालनका लागि सामग्रीहरु बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले ईच्छुक भ्याटमा दर्ता भएका सर्जिकल सप्लार्यस तथा मेडीकल सामग्री सप्लाई गर्न इजाजत प्राप्त फर्मले आफ्नो फर्म दर्ता प्रमाणपत्र, इजाजत पत्र, २०८०।८१ को कर चुक्ता प्रमाणपत्र , नागरीकताको पमाणपत्र हरुको प्रतिलिपि सहित सामग्रीको स्पेसीफीकेशन र मूल्य सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

**बिस्तृत बिवरण कार्यालयको सूचनापाटीमा टाँस गरीएको छ।**



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ६ वर्षमा पनि त्रिवेणी सडक नबन्दा स्थानीयलाई सास्ती




**गौरीशंकर जयसवाल**

*परासी*

नारायणचोक-त्रिवेणी हुलाकी सडक ६ वर्षसम्म पनि निर्माण नहुँदा स्थानीयले आवतजावतमा सास्ती खेप्नुपरेको छ । हुलाकी सडकअन्तर्गत पश्चिम नवलपरासीको नारायणचोक-त्रिवेणी सडक निमार्णमा ठेकेदार कम्पनीले चरम ढिलासुस्ती गर्दा स्थानियले सास्ती खेप्नुपरेको हो ।

नारायणचोक-त्रिवेणी खण्डअन्तर्गत पर्ने बेलाटारीसम्मको ६ किलोमिटर खण्ड जीर्ण भएका कारण यात्रामा कठिनाइ छ । हुलाकी सडक निर्माणमा चरम ढिलासुस्ती भएपछि पश्चिम नवलपरासीका जनप्रतिनिधि र राजनैतिक दलले जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका छन् ।

६ वर्ष बित्दा समेत सडक विस्तारको काममा प्रगती हुन नसकेपछि सरोकारवालाहरुले जिल्ला प्रशासन कार्यालयमा १ घण्टा धर्ना दिएका हुन् । हुलाकी सडकअन्तर्गत जिल्लाको नारायणचोक-त्रिवेणी खण्डअन्तर्गत पर्ने बेलाटारीसम्मको साढे ६ किलोमिटर खण्ड जीर्ण भएका कारण यात्रामा कठिनाइ भएकाले प्रतापपुर गाउँपालिकाको अगुवाइमा धर्ना, आमरण अनसनसहितका दबाबमूलक कार्यक्रम सार्वजनिक गरी प्रधानमन्त्री कार्यालयलाई जानकारी गराइएको गाउँपालिका अध्यक्ष उमेशचन्द्र यादवले जानकारी दिए ।

हुलाकी सडक निर्देशनालयअन्तर्गत गोपिगञ्जदेखि बेलटारीसम्मको ६ दशमलव ५ किलोमिटर हुलाकी सडक ६ वर्ष हुँदा पनि सम्पन्न नभएपछि गाउँपालिकाले तत्काल कामलाई अगाडि बढाउन र निर्देशनालयले काम गर्न नसक्ने हो भने गाउँपालिकालाई कार्यान्वयनको जिम्मा दिन माग गरेको छ ।

गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले संघ सरकारलाई पठाएको पत्रमा पालिकालाई कार्यान्वयनको जिम्मेवारी दिएमा बाँकी काम ४ महिनामा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । संघीय सरकारअन्तर्गतको हुलाकी राजमार्ग योजना कार्यालय कपिलवस्तुमार्फत् निर्माण भइरहेको उक्त खण्डको काम ६ वर्षमा जम्मा ३५ प्रतिशत मात्र पूरा भएको छ ।

बज्र महालक्ष्मी जेभीले उक्त सडक विस्तारको लागि ४९ करोडमा ठेक्का पाएको थियो । धुलो र हिलोका कारण उक्त खण्ड हुँदै यात्रा गर्न निकै कठिन भएको छ भने गाउँपालिकाको कार्यालय समेत सोही सडक खण्डमा पर्ने भएकाले सेवाग्राहीलाई समस्या भएको अध्यक्ष यादवले बताए । वर्षायामका कारण काम रोकिएको भन्दै यही हप्ताबाटै काम सुरु गर्ने ठेकेदारले प्रतिबद्धता जनाएको हुलाकी राजमार्ग योजना कार्यालयका इञ्जिनियर युवराज पाण्डेले जानकारी दिए ।

गत वर्ष थप गरिएको म्याद यो वर्षको चैत्रमा सकिँदैछ । नवलरासीमा तीन खण्डमा विभाजन गरेर कुल १ अर्ब १ करोडको लागतमा हुलाकी सडक विस्तारको काम हुँदैछ । तीन वटै खण्डको काम निकै सुस्त छ । नारायणचोकदेखि बेलाटारी सडक खण्ड, कठहवादेखि बेलाटारी सडक खण्ड तथा प्रदेश सरकारअन्तर्गतको महेशपुर-त्रिवेणी खण्डको बर्दघाटदेखि सूर्यापुरा तथा भुजहवा- खैरेनी खण्डको सोमनी सोनवर्षा हुँदै खैरेनी सडक खण्ड अलपत्र छ । यी सबै सडक अलपत्र हुँदा स्थानीयहरू सुख्खामा धुलो र वर्षायाममा हिलोले गर्दा सास्ती खेप्नुपरेको छ ।

# पूर्वअर्थमन्त्री पुनमा बल्झियो जण्डिसको समस्या



बुटवल । नेकपा माओवादी केन्द्रका उप-महासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुन उपचारका लागि चीन गएका छन् । पूर्वसभामुखसमेत रहेकी पत्नी ओनसरी घर्तीमगरसँग उनी आइतबार चीन गएका हुन् ।

एअर चाइनाको उडान नम्बर सिए ४३८ मार्फत् उनीहरु १२ बजेर ५ मीनेटमा त्यता प्रस्थान गरेको जनाइएको छ । वंशाणुगत जण्डिसको समस्या भएका पुनले यसअघि सेन्चन शहरको थर्ड पिपुल्स अस्पतालमा उपचार गराएका थिए ।

उनी फलोअप उपचारका निम्ति त्यता गएको स्रोतले जानकारी दिएको छ । 'उहाँ तीन-चार दिनमा फर्किनुहुन्छ होला । मंसिरमै उपचारका लागि जानुपर्ने उहाँ व्यस्तताका कारण त्यतिबेला जान पाउनुभएन,त्यसैले अहिले जानुभएको हो ।'- माओवादीका एक नेताले भने । स्रोतका अनुसार उनलाई 'बिलिरुबिन' मा समस्या देखिएको छ । बिलिरुबिन एक पहेँलो पदार्थ हो, जुन पुरानो रक्त कोशिकाहरु तोडिदा उत्पादन हुन्छ । कलेजोद्वारा उत्पादन हुने यो पदार्थ पित्त थैलीमा भण्डारण हुन्छ ।

उनी बेहोस भएपछि माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले ज्यान जोगाइदिन तत्कालीन चिनियाँ प्रधानमन्त्री लि खछ्याङ्गलाई नै आग्रह गरेका थिए ।

बिलिरुबिन बढ्नु जण्डिसजस्तै रोग लाग्नु हो । सामान्य मानिसको शरीरमा एक दशमलव तीन मिलीग्राम बिलिरुबिन हुन्छ । तर, पुनको शरीरमा सामान्य अवस्थामै पनि ११-१२ मिलीग्राम बिलिरुबिन देखिने गरेको छ । कोरोना महामारीताका स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि थाइल्याण्डको बैंककस्थित एक अस्पतालमा भर्ना भएका पुनको बिलिरुबिन बढेर ४० मिलिग्राम पुगेको थियो ।

कोरोना महामारीका कारण बाहिरी आवागमन ठप्प पारेको चीन सरकारले तत्काल १२ जना चिकित्सकसहित एअर एम्बुलेन्स पठाएर उनको उद्दार गरेको थियो ।

४० जना चिकित्सकले १५ दिनसम्म आइसीयुमा राखेर उनको उपचार गरेका थिए । एक सातापछि बल्ल होस खुलेका उनीलाई पायल्सका कारण अत्यधिक रक्तस्रावसमेत भएको थियो ।

# चेक बाउन्स भए दुई वर्ष जेल




बुटवल । चेक अनादर (बाउन्स) मुद्दामा दुई वर्षसम्म कैद सजाय गर्ने कानुनी व्यवस्था गर्न सांसदहरु सहमत भएका छन् ।

बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि अर्थ समितिमा आइतबार भएको दफाबार छलफलमा चेक अनादर मुद्दामा दोषी ठहर भए एक महिनादेखि दुई वर्षसम्म कैद सजाय गर्ने व्यवस्था राख्ने सहमति भएको हो ।

समिति सभापति सन्तोष चालिसेले चेक अनादर प्रमाणित भएमा पाँच प्रतिशत जरिवानासहित एक महिनादेखि अधिकतम दुई वर्षसम्म कैद सजाय व्यवस्था गर्ने विषय सर्वसम्मतिले पास भएको जानकारी दिए ।

उनका अनुसार १५ लाख रुपैयाँसम्मको चेक अनादरमा एक महिना, ५० लाखसम्ममा तीन महिना, एक करोडसम्म एक वर्ष र एक करोड रुपैयाँभन्दा माथिको चेक अनादर प्रमाणित भए दुई वर्षको कैद सजाय हुनेछ ।

त्यसअघि छलफलमा सहभागी उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले चेक अनादरको प्रवृत्ति बढ्दै गएको भन्दै यसलाई नियन्त्रण र निरुत्साहित गर्न जरुरी रहेको बताएका थिए । साथै उनले विधेयकको दफावार छलफलबाट आउने निष्कर्षलाई सरकारले स्वीकार गर्ने उल्लेख गरेका थिए ।

ज्ञ

## गाउँबासीहरूमा हार्दिक अनुरोध

**डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरू**

यो रोगबाट बच्नको लागि मुख्यतयाः लामखुट्टेको टोकाइबाट जोगिनुपर्दछ । यसको लागि लामखुट्टेको नियन्त्रण नै सबैभन्दा उत्तम उपाय हो । लामखुट्टेको नियन्त्रण गर्न तल दिइएका कुराहरुमा ध्यान दिनुपर्छ ।

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्ने ।
- लामखुट्टेको टोकाइबाट बच्न सधैं राति र दिउँसो पनि झुलभित्र सुत्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुर्‍याउने ।
- झ्याल/ढोकाका जाली लगाई बन्द राख्ने ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

भुपाल पोखरेल
अध्यक्ष

धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, गुल्मी

हिरापाटा बस्तीको दैनिकी

# पानी बोकेर ल्याउने दिनको अन्त्य



**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

पुतलीबजार नगरपालिका १३ हिरापाटा बस्तीमा अहिले खुशी छाएको छ । दैनिक आधा घण्टादेखि एकघण्टा हिंडेर पानी ल्याउने दिनको अन्त्य भएपछि सिङ्गो बस्तीमा खुशी छाएको हो । १५० घरधुरीलाई लिफ्टिङ खानेपानी आयोजनामार्फत् एक घर, एक धारा निर्माण भएपछि सधैँ डोकोमा बोकेर खानेपानी प्रयोग गर्दै आएका नागरिकलाई सहज भएको छ । संघीय सरकारको सहयोगमा आर्थिक वर्ष २०७४/०७५ बाट सुरु भएको आयोजना आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न भएको छ ।

स्याङ्जा संघीय निर्वाचन क्षेत्र १ का सांसद राजु थापाको विशेष पहलमा आएको यो आयोजना सम्पन्न भएपछि ७ सय ९५ घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन् । सम्पन्न भएको हिरापाटा खानेपानी तथा सरसफाइ आयोजनाको उद्घाटन संघीय सांसद राजु थापाले उद्घाटन गरेर शुभारम्भ गरेका छन् । स्याङ्जावासी नागरिकहरु अझैँ पनि खानेपानी खोज्न हिंड्नुपर्ने बाध्यता रहेको बताउँदै सांसद थापाले अब त्यस्ता दिनहरु अन्त्य हुने धारणा व्यक्त गरे । लामो समय खानेपानीकै कारण दुःख पाएका हिरापाटा गाउँका नागरिकले खानेपानी बोकेर खानुपर्ने बाध्यता अन्त्य भएको उनले बताए । 'यो आयोजना तपाईंहरुको हो,' उनले भने-'यसको संरक्षण र मर्मतमा ध्यान दिनुहोला ।' जसले खानेपानीको दिगो व्यवस्थापन हुनेछ यो जिम्मेवारी निभाउनु होला सांसद थापाले उपभोक्तालाई सुझाए ।

दरौखोलामा इनार बनाएर दुई इस्टेजमार्फत् लिफ्टिङको माध्यमबाट खानेपानीको व्यवस्था गरिएको छ ।

यो गुणस्तरसहितको आयोजना भएकाले शुद्धिकरणसहित उपभोक्ताको घरमा खानेपानी पुग्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाका प्रमुख हरिप्रसाद तिमिल्सिनाले बताए । शुद्धिकरणसहितको प्लान्ट भएकाले सिधैँ पानी पिउन मिल्नेगरी निर्माण गरिएको उनले बताए । उपभोक्ताको ४१ लाख बराबरको जनश्रमदान र संघीय सरकारको ३ करोड ५४ लाख गरी ३ करोड ९५ लाखमा यो आयोजना सम्पन्न भएको हो । एक घर, एक धाराअनुसारको अवधारणा भएकाले ८ सय १० मिटर पाइपलाइनबाट खानेपानी वितरण गरिएको कार्यालयले जनाएको छ ।

घर–घरमा खानेपानी आएपछि हिरापाटावासीले सरकार रहेछ भन्ने महशुष भएको बताएका छन् । पुतलीबजारका नागरिक खानेपानीबाट वञ्चित नहुनेगरी कार्य योजनासहित अगाडि बढाइएको पुतलीबजार नगरप्रमुख तुलसीराम रेग्मीले जनाए । साना–साना योजनाहरुमार्फत् खानेपानीको समस्या समाधानमा नगरपालिका लाग्ने र ठूला आयोजनाका लागि प्रदेश र संघीय सरकारमार्फत् सहयोग मागेर पुतली बजारका नागरिकलाई खानेपानीको अभाव हुन नदिने नगर प्रमुख रेग्मीले बताए । खानेपानी जस्तो संवेदनशिल बस्तुमा तिनैतहका सरकारहरु चासो राख्नुपर्नेमा प्रमुख रेग्मीको जोड छ ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com